CHANDRAGIRI HILLS LIMITED

CHANDRAGIRI HILLS

Thankot, Kathmandu, www.chadragirihills.com
Phone no : + 977 4312515

आर्थिक वर्ष २०८२/०८३ को दोश्रो त्रैमासिक अवधिको प्रतिवेदन

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) सग सम्वन्धित
अनुसूची-१४

चन्द्रागिरि हिल्स लिमिटेडको आर्थिक वर्ष २०८२/०८३ को दोश्रो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदन :

१. वित्तीय विवरण :-

कम्पनीको हिसाव किताबको लेखाकन अनुसार आर्थिक वर्ष २०८२/०८३ (२०२५) को २०८२ कात्तिक १ देखि २०८२ पुस ३० । अक्टोवर १८, २०२५ देखि जनवरी १४, २०२६ सम्मको आर्थिक विवरण निम्न अनुसार प्रस्तुत गरिएको छ ।

(क) आर्थिक वर्ष २०८२/०८३ को दोश्रो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण :-

आर्थिक वर्ष २०८२/०८३ को कम्पनीको दोश्रो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको तुलनात्मक वित्तिय विवरण अनुसूचि १ मा प्रस्तुत गरिएको छ । यस दोश्रो त्रैमासिक समीक्षा अवधिसम्ममा सम्वन्धित पक्षहरू बीच कम्पनीको नियमित व्यवसायिक कारोवार वाहेक अन्य कुनै कारोवार नभएको ।

(ख) कम्पनीको दोश्रो त्रैमासिक अवधिको लेखापरीषण नभएको वित्तिय विवरणका प्रमुख वित्तीय अनुपात :-

विवरOf	यस आ.व.को दोश्रो त्रैमासिक अवधि (पौष ३०, २०८२ को अन्त्यमा)	अघिल्लो त्रैमासिक अवधि (असोज ३०, २०८२ को अन्त्यमा)	गत आ.व. को दोश्रो त्रैमासिक अवधि (पौष ३० २०८१ को अन्त्यमा)
ऋण पूँजीको अनुपात	१.२२	१.१२	१.१९
शेयरधनीको शेयर पूँजी कोषको प्रतिफल	(०.०३)	(०.०१)	०.०४
प्रति शेयर आम्दानी (रु)	(३.०७)	(०.८१)	४.३३
प्रति शेयर नेटवर्थ (रु)	१०३.०२	१०६.८०	९९.७३
प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु)	२५६.१६	२४४.३३	२३८.८४
प्रति शेयर बजार मूल्य (रु १०० -प्रति शेयर) (रु)	८५१.००	८२३.८०	८८३.००
प्राइस अर्निङ रेसियो (टाईम्स)	(२७७.६८)	(१०१६.५८)	२०३.७५
चालु अनुपात	३.६१	५.८८	२.६५

२. व्यवस्थापकीय विश्लेषण :-

(क) आर्थिक वर्ष २०८२/०८३ को दोश्रो त्रयमास अवधिसम्मको आर्थिक गतिविधि स्थिर रहेको छ । कम्पनीको पछिल्लो आ.व.को सोहि अवधिको तुलनामा कुल आयमा करिव ४१ प्रतिशतले कमी आएको छ ।

(ख) मिति २०८२ भाद्र २३ र २४ गते भएको जेनजी आन्दोलनको क्रममा कम्पनीको भौतिक संरचनाहरू तथा केवलकारका उपकरणहरूमा भएको क्षतिका कारण गत त्रैमासिकको बाँकी अवधिभर सबै आर्थिक गतिविधिहरू पूर्ण रुपमा ठप्प हुन गएको भएता पनि यस त्रैमासिक अवधिको मध्यदेखि अर्थात मंसिर १५ गतेबाट कारोवार पुन सञ्चालनमा आएको छ । कम्पनीको कारोवारको मुख्य समयमा भएको घटनाले आर्थिक रुपमा ठूलो नोक्सानी भएको र यसको परिपूर्तिकालागि कम्पनी प्रतिवद्ध रहेको तथा सोहि अनुरुपको रणनीति तय गरी कम्पनी अघि बढिरहेको छ ।

(ग) सो घटनाले कम्पनीको वटम स्टेशनको मुख्य भवन परिसर र भित्रका आर्थिक क्रियाकलापका संरचनाहरू, कार्यालय परिसर, केवलकारको मुख्य प्रस्थान स्थल, वाहिरी क्षेत्रमा रहेका विभिन्न स्टलहरू तथा केवलकार संचालन गर्ने मुख्य युनिटहरू लगायतका सबै उपकरणहरूमा हुन गएको क्षतिको आँकलन संकलन गर्ने काम सम्पन्न गरिएको ।

(घ) यस समिक्षा अवधिको अन्तसम्ममा केवलकार भ्रमण गर्ने पर्यटकहरू तथा रिसोर्ट परिसरमा आउने पाहुनाहरूको संख्यामा पछिल्लो अवधिको तुलनामा क्रमिक सुधार हुँदै आइरहेको र समग्र मुलुकको परिस्थिति अनुकुल रहेमा यस आर्थिक वर्षको अन्तसम्ममा कम्पनीको समग्र आर्थिक परिदृश्यमा केही सकारात्मक आँकडाहरू आउन सक्ने प्रक्षेपण गरिएको छ ।

३. कानुनी कारवाही सम्बन्धी विवरण :-

(क) आर्थिक वर्ष २०८२/०८३ को दोश्रो त्रैमासिक अवधिसम्ममा कम्पनीले कुनै मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

(ख) आर्थिक वर्ष २०८२/०८३ को दोश्रो त्रैमासिक अवधिसम्ममा कम्पनीको संस्थापक वा संचालक वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) आर्थिक वर्ष २०८२/०८३ को दोश्रो त्रैमासिक अवधिसम्ममा कम्पनीलाई कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :-

(क) शेयरको कारोवारमा हुने उतार चढाव खुल्ला वजारले निर्धारण गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेको छ । शेयरको कारोवार सम्वन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) कम्पनीको आर्थिक वर्ष २०८२/०८३ को दोश्रो त्रैमासिक अवधिमा प्रति शेयर रु १०० का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार सख्या देहाय वमोजिम रहेको छ :-

दोश्रो त्रैमासिक अवधी २०८२ पौष ३० तदनुसार जनवरी १४, २०२६	शेयर कारोवार-मूल्य (रु)			कुल शेयरको कारोवार-दिन र सख्या		
	अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोवार भएको कुल दिन	कारोवार सख्या	कुल कारोवार शेयर सख्या
	९२४.९०	८२७.००	८५१.००	५५	८,९८६	१४,१०,७५५

५. समस्या तथा चुनौती :-

(क) समस्या तथा चुनौतीहरू

(अ) आन्तरिक

१ यस कम्पनीमा कुनै आन्तरिक समस्या नरहेको ।

(आ) वाह्य

१ अप्रत्याशित रुपमा आउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाहरूको कारणवाट देशको आन्तरिक तथा वाह्य पर्यटन उद्योगमा पर्ने प्रभाव र सो वाट कम्पनीको कारोवारमा पर्ने असर ।

२ देशमा वेलावखत भई रहने आन्दोलन र अस्थिर राजनैतिक वातावरणका कारण समग्र अर्थतन्त्रमा परेको प्रभाव ।

३ पर्यटकीय पूर्वाधारको विकासमा सरकारको न्यून लगानी र निर्माणाधिन काममा भएको सुस्तताका कारण आन्तरिक तथा वाह्य पर्यटकको गतिविधिमा प्रत्यक्ष वा अप्रत्यक्ष पार्ने प्रभाव ।

४ देशको अस्थिर राष्ट्रिय नीतिहरूवाट विशेषगरी पर्यटकीय क्षेत्रमा परेको र पर्नसक्ने प्रभाव ।

५ पर्यटन सम्वद्ध सरकारी र निजी क्षेत्रका निकायहरूद्वारा आन्तरिक तथा वाह्य पर्यटन बजार प्रवर्धनका लागि यथेष्ट गतिविधिहरू हुन नसक्नु ।

६ आर्थिक गतिविधिमा आएको शिथिलतामा सुधार नहुनु ।

७ विदेशी विनियम दरमा आउने परिवर्तन ।

(ख) रणनीति :

क) करिव तीन महिनासम्मको लामो बन्द रहेको कम्पनीको आर्थिक गतिविधि संचालन तथा संरचनाहरूको पुन: निर्माणको मुख्य उद्देश्यसहित कम्पनीको संचालक समिति, व्यवस्थापन तथा सम्पूर्ण कर्मचारीहरू एवम् विदेशी प्राविधिकहरूको सक्रियतामा मंसिर १५ गते देखि नै केवलकार लगायतका सबै सेवाहरू संचालनमा आएकोले आर्थिक गतिविधिहरू चलायमान हुदै आएको ।

ख) आगामी दिनमा थप परिस्कृत र गुणस्तरीय सेवा प्रवाहका लागि कम्पनी प्रतिवद्ध रहेको छ । कम्पनीको तर्फबाट प्रचार प्रसारका गतिविधिहरूलाई निरन्तरता दिदै कम्पनीका गतिविधिहरूको समय सापेक्ष जानकारीहरू आम सेवाग्राहीहरूमा प्रवाह गरिनेछ । आगामी दिनमा समेत उत्कृष्ट सेवा प्रवाहका साथै ग्राहक केन्द्रित रणनितिलाई निरन्तरता दिईनेछ ।

ग) कम्पनीमा उपलब्ध सवै पर्यटकीय सुविधाको उच्चतम उपयोग, संचालन खर्चमा मितव्ययीता सहित अन्य अनावश्यक खर्चहरूलाई कटौती गरी कम्पनीको आम्दानी वृद्धिमा जोड दिने गरी बजार व्यवस्थापनको प्राथमिकतालाई निरन्तरता दिई यस अवधिको क्षतिलाई पूर्ति गर्दै सम्पूर्ण लगानीकर्ताहरूका लागि सकारात्मक प्रतिफलको प्रतिवद्धता सहितको रणनीति कार्यान्वयन गरिने ।

घ) मिति २०८२ भाद्र २३ र २४ गतेका दिनमा भएको जेनजी आन्दोलनको क्रममा कम्पनी परिशरमा भएको तोडफोड, लुटपाट तथा आगजनीवाट भएको क्षतिको विवरण तयार गरी इन्स्युरेन्समा विमा दावीका लागि प्रक्रिया शुरु गरिएको ।

६. संस्थागत सुशासन :-

संस्थागत सुशासन अभिवृद्धिका लागि कम्पनीको सन्चालक समिति र व्यवस्थापनद्वारा चालिएका कदम सम्बन्धी विवरण देहाय वमोजिम उल्लेख गरिएको छ :

(क) कम्पनीवाट तयार गरिएको कर्मचारी विनियावली तथा आर्थिक नीति लगायतका संस्थामा रहेका विद्यमान नियम, विनियम, नीति, निर्देशि र कार्यविधिहरूलाई अनुसरण गर्दै आएको । आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त दुरुस्त तथा प्रभावकारी बनाउन संचालक समिति सगा विभिन्न उपसमिति एवम् विभागहरू गठन गरी समय समयमा अध्ययन, विश्लेषण, पुनरावलोकन र कार्ययोजना बनाई कार्य गर्दै आएको छ

(ख) कम्पनीको लेखापरीक्षण उपसमितिले लेखापरीक्षक छनौट गर्ने, लेखापरीक्षण गराउने र लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनको अध्ययन ग कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुरुस्त राख्नको लागि व्यवस्थापनलाई निर्देशन दिने गरेको छ ।

(ग) कम्पनीले नियमनकारी निकायद्वारा जारी गरिएका नियम, विनियम र निर्देशनहरू लगायत अन्य प्रचलित ऐन तथा कानुन बमोजिम पुरा गर्नु मापदण्डहरूको पूर्ण पालना गरिएको छ ।

(घ) कम्पनीको आन्तरिक लेखापरीक्षण स्वतन्त्र आन्तरिक लेखापरीक्षकवाट गर्दै आएको छ । आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समि हुदै संचालक समिति समक्ष समेत पेश गरी सो माथी विस्तृत छलफल हुने गरेको छ ।

७. सत्य, तथ्यता सम्वन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरूको शुद्धता सम्वन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घ गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्तालाई सुसूचित गर्न तथा निण लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।

अनुसुची १

Chandragiri Hills Limited

Kathmandu, Nepal

STATEMENT OF UNAUDITED FINANCIAL RESULTS

As on Poush 30, 2082 BS

Particulars	Upto This Quarter ending on Poush 30, 2082 BS (Jan 14, 2026 AD) Unaudited	Upto Previous Quarter ending on Ashwin 31, 2082 BS (October 17, 2025 AD) Unaudited	Corresponding Previou Quarter ending on Pous 29 2081 BS (January 13 2025) Unaudited
ASSET			
Non-Current Asset			
(a) Fixed Asset			
(i) Property, Plant and Equipment	2,969,641,990	2,869,095,571	2,997,732,84
(ii) Intangible Asset	3,489,696	4,296,040	4,176,23
(iii) Capital Work in Progress	100,916,119	80,245,309	7,579,81
(iv) Right of Use of Asset	38,462,961	39,147,768	43,948,05
(b) Long term Investment	325,700,000	325,700,000	315,700,00
Deferred tax asset			
Total of Non- Current Asset	3,438,210,766	3,318,484,689	3,369,136,94
Current Assets			
(a) Inventories	47,791,564	42,413,738	48,220,82
(b) Account Receivables	26,606,715	23,002,821	30,358,78
(c) Cash & Cash Equivalent	109,206,840	76,163,805	60,528,01
(d) Loans & Advances	290,151,846	263,299,530	121,008,97
(e) Other Current Assets	17,698,984	24,937,050	34,715,24
Total of Current Asset	491,455,949	429,816,943	294,831,85
Total Asset	3,929,666,715	3,748,301,632	3,663,968,80
EQUITY & LIABILITIES			
Equity, Reserve and Surplus			
(a) Share Capital	1,534,091,000	1,534,091,000	1,534,091,00
(b) Reserve and Surplus	46,269,536	104,372,298	(4,195,76
Total Equity, Reserve and Surplus	1,580,360,536	1,638,463,298	1,529,895,23
Non- Current Liabilities			
(a)Borrowings	1,934,822,433	1,836,771,101	1,822,850,82
(b) Deferred Tax Liabilites	223,695,656	147,444,531	147,444,53
(c) Lease Liability	54,678,776	52,532,116	52,533,77
Total of Non-Current Liabilities	2,213,196,865	2,036,747,747	2,022,829,13
Current Liabilities			
(a) Duties & Taxes	11,228,024	960,404	12,978,63
(b) Account payable	50,451,511	31,149,967	30,419,21
(c) Other Current Liabilities	74,429,779	40,980,216	67,846,58
Total of Current Liabilities	136,109,314	73,090,588	111,244,43
Total Equity and Liabilities	3,929,666,715	3,748,301,632	3,663,968,80

Statement of Unaudited Profit & Loss for the period ended on Poush 30, 2082 BS (Jan 14, 2026 AD)

Particulars	Upto This Quarter ending on Poush 30, 2082 BS (Jan 14, 2026 AD) Unaudited	Upto Previous Quarter ending on Ashwin 31, 2082 BS (October 17, 2025 AD) Unaudited	Corresponding Previous Quarte ending on Pousl 29 2081 BS (January 13, 2025) Unaudite
Revenue from Operation	248,960,471	138,707,763	422,537,74
Cost of sales	38,791,948	22,875,257	55,521,56
Gross Income	210,168,523	115,832,506	367,016,17
Other Income	20,683,087	10,288,867	2,442,94
Expenses			
Employee Benefits Expenses	78,010,884	41,791,932	88,320,16
Administrative and Other Expenses	46,861,862	33,396,166	52,100,59
Total Expenses	124,872,746	75,188,098	140,420,76
Profit Before Interest, Depreciation and Tax	105,978,864	50,933,275	229,038,35
Finance costs	67,490,989	34,122,520	87,365,88
Profit Before Depreciation and Tax	38,487,875	16,810,754	141,672,46
Depreciation and Amortization Expenses	62,685,600	29,242,483	53,324,63
Profit before extra ordinary items and taxes	(24,197,725)	(12,431,728)	88,347,83
Extra ordinary item			
Profit before taxes			
Tax Expenses			
Current Tax			
Deferred Tax (Income)/Expenses	22,822,838	-	21,865,45
Profit (Loss) for the period from continuing operations	(47,020,564)	(12,431,728)	66,482,37
Profit /(Loss) from dis-continuing operations			
Tax expenses of dis-continuing operations			
Profit (Loss) for the period from dis-continuing operations			
Profit/(Loss) for the period	(47,020,564)	(12,431,728)	66,482,37
Earning per equity share:			
Basic Earning per share	(3.07)	(0.81)	4.3
Diluted Earning per share	(3.07)	(0.81)	4.3